# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख ५ गते २०१२ साल

## भाग ४

### खाद्यमन्त्रालयको विज्ञप्ति

का. खा. हब १०५।७०।०११      ३१।१२।०११

श्री ५ महाराजाधिराजबाट खाद्यान्न सस्तो गराउनलाई उठाइबक्सेको कदम बिषय श्री ५ को सचिवालय र खाद्यमन्त्रालयबाट बराबर भएको बिज्ञप्तिबाट जनतामा विदितै भएको छ। त्यस योजना—अन्तर्गत हाल काठमाण्डू र ललितपुरमा बिदाको दिनबाहेक धान मोरु १ को १। पाथिको दरले वार, मिलाई ३३ अखडामा वितरण भैरहेको छ। उपरोक्त धान पाउने कामको साथ साथै वैशाख १ गतेदेखि काठमाडौं इलाकामा असन–१, भोटाहिटी–१, इन्द्रचोक– १, काठमाडौं मरुटोल– १, दिल्लीबजार–१. पाँच ठाउँमा बिहान २ घण्टा र बेलुकी २ घण्टा स्थानीय एक एक पसलबाट मोरु १ को ४ माना चामल बिक्री हुनेछ । यो चामल



३२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

स्थानीय टोलसंघ र सरकारी साक्षीको रेखदेखमा १ जनालाई जहान हेरी मोरु २। रुपैयाँसम्मको दिइनेछ। यस किसिमको पसल बढाउँदै लगी चाँडैनै ललितपुर र भक्तपुरमा समेत धेरै ठाउँमा खोलिनेछ।

अब यो चामल रोजिन्दै स्थानीय पसलबाट बिक्री हुने हुँदा अरु किसिमको अनुचित: फाइदा उठाउने नगर्नुहोला र पसलमा भिड लगाई यस उद्देश्यलाई बिफल नगर्नुहोला।

बराबर बढाउँदै गएको पसलको टोल इलाका खोली विज्ञप्ति हुँदै जानेछ।

आज्ञाले—

देवीप्रसाद गिरी,

का. मु. सेक्रेटरी—खाद्यमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

३२८

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।